Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

**Swiss Agency for Development and Cooperation SDC**
**स्वीस सरकार विकास सहयोग एसडीसी**

# नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (दोस्रो चरण)

# वार्षिक क्रियाकलाप कार्यान्वयन योजना (YPO) र कार्यान्वयन मार्गदर्शन

## आ. व. २०८१/०८२

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## सामाजिक विकास मन्त्रालय

## लुम्बिनी प्रदेश

कार्यान्वयन गर्ने

सामाजिक विकास मन्त्रालय,
लुम्बिनी प्रदेश

Nepal Vocational Qualifications System
NVQS

प्राविधिक सहयोग
swisscontact

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

**विषय सूची** **पेज न.**


| | | |
|---|---|---|
| १. | बिषय प्रवेश | ४ |
| २. | परियोजनाको परिणाम र वार्षिक लक्ष्य | ५ |
| ३. | लुम्बिनी प्रदेशमा परियोजनाको मुख्य कार्यक्रम, वार्षिक लक्ष्य र बजेट | ६ |
| ४. | कार्यक्रम कार्यान्वयन निर्देशिका | ९ |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## Abbreviations:

| | |
|---|---|
| ASAC | : Accredited Skill Assessment Centre |
| CTEVT | : Council for Technical Education and Vocational Training |
| IEC | : Information Education and Communication |
| MoEST | : Ministry of Education, Science and Technology |
| NCS | : National Competency Standard |
| NSTB | : National Skill Testing Board |
| NVQ | : National Vocational Qualification |
| NVQA | : National Vocational Qualification Authority |
| NVQF | : National Vocational Qualifications Framework |
| NVQS | : Nepal Vocational Qualifications System |
| OP | : Occupational Profile |
| PSC | : Project Steering Committee |
| PSU | : Project Support Unit |
| PICC | : Provincial Implementation and Coordination Committee |
| PPCU | : Provincial Project Coordination Unit |
| PPSU | : Provincial Project Support Unit |
| RPL | : Recognition of Prior Learning |
| SDC | : Swiss Agency for Development and Cooperation |
| VQA | : Vocational Qualifications Authority |
| VQF | : Vocational Qualifications Framework |
| YPO | : Yearly Plan of Operation |
| TVET | : Technical and Vocational Education and Training |

## क. विषय प्रवेश

नेपालको संविधान २०७२ बमोजिम तीन तहको सरकार गठन भए पश्चात् लुम्बिनी प्रदेश सरकारले स्वीकृत गरेको प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालीम क्षेत्रको जिम्मेवारी सामाजिक विकास मन्त्रालयको क्षेत्राधिकार भित्र रहेको छ । सन् २०२० जुन २३ मा नेपाल सरकार र स्वीस सरकार बिच भएको दुई पक्षीय सम्झौता र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो चरणको दस्तावेजमा प्रदेश स्तरमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) कार्यान्वयन गर्ने विषय समावेश भएको सन्दर्भमा नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS-P) का कार्य सम्पादनमा नियमितता, मितब्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्नकालागि यो वार्षिक कार्य योजना तयार गरीएको छ ।

कार्य योजनाको मुख्य उद्देश्य लुम्बिनी प्रदेशमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीका सम्बन्धमा सरोकारवालालाई ब्यापक जानकारी गराउने र सम्बन्धित सरोकारवालाको क्षमता अभिबृद्धी गर्दै क्रमिक रुपमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली प्रदेशस्तरमा कार्यान्वयन गर्नु रहेको छ ।

## १. परियोजनाको पृष्ठभूमी तथा परिणाम

नेपालले प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) प्रणालीलाई आर्थिक समृद्धिको लक्ष्य हासिल गर्ने एउटा महत्वपूर्ण माध्यमका रुपमा परिभाषित गरेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा गुणस्तरीय सेवा प्रवाहका निम्ति विगत लामो समय देखि थुप्रै प्रयासहरु भएको पाईन्छ । TVET क्षेत्रको सुधारका लागि आवश्यक पर्ने प्रमुख तत्वका रुपमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) रहेको छ । व्यवस्थित व्यावसायिक योग्यता प्रणाली (VQS) ले युवाहरु, रोजगारदाताहरु र नीति निर्माताका लागि तालिम र शिक्षा प्रणालीमा पारदर्शिता बढाउने अपेक्षा गरिएको छ । यसले नेपाली युवाहरु लगायत वैदेशिक रोजगारीबाट फर्किएकाहरुलाई जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्नुका साथै स्वदेश तथा विदेशमा दिगो र सम्मानजनक रोजगारीका अवसरहरु प्राप्त गर्न सघाउ पुर्याउने अपेक्षा गरिएको छ ।

नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS–P), नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय परियोजना हो । यस परियोजनाको पहिलो चरण सन् २०१५ जुलाईमा सुरु भई सन् २०२० जुलाई मा सम्पन्न भयो । यस परियोजनाको दोस्रो चरण (NVQS P–II) राष्ट्रव्यापी कार्यक्रमको रुपमा सातवटै प्रदेशमा सन् २०२० जुलाई १६ बाट शुरु भई सन् २०२४ जुलाई १५ सम्म जारी रहने भनिए त पनि चरण - दोश्रो २०२६ जुलाई १५ सम्म बिस्तारित भएको छ । यो परियोजना केन्द्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिईभिटि) र राष्ट्रिय सीप परीक्षण समितिले कार्यान्वयन गरिरहेको छ भने प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय वा शिक्षा बिषयक मन्त्रालयले कार्यान्वयन गरिरहेका छन्। परियोजनालाई स्वीस सरकार विकास सहयोगको तर्फबाट स्वीस कन्ट्याक्टले प्राविधिक सहयोग प्रदान गर्दछ ।

परियोजनाको दोस्रो चरणको समग्र उद्देश्य भनेको राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको स्थापना र कार्यान्वयनमा योगदान पुऱ्याउनु रहेको छ । यो उद्देश्य प्राप्त गर्न परियोजनाले निम्न उल्लेखित तीन परिणामहरू हासिल गर्ने कार्यको लागि सहजीकरण गरिरहेको छ ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

**परिणाम १:** राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली मार्फत प्रमाणित नेपाली युवाहरुले नेपालमा तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगार प्राप्त गर्ने छन् ।

**परिणाम २:** सिटिईभिटि र राष्ट्रिय सीप परीक्षण समितिले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तर्फबाट राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली निजी क्षेत्र सँगको साझेदारीमा कार्यान्वयन गर्नेछ ।

**परिणाम ३:** प्रदेश सरकारले व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्नेछ।

**नोटः** माथिका तीन वटा परिणाम मध्ये परिणाम एक र तीन मात्र लुम्बिनी प्रदेशमा कार्यान्वयन हुनेछ भने परिणाम दुई सङ्घीय स्तरबाट कार्यान्वयन भैरहेको छ ।

## २. लुम्बिनी प्रदेशको पृष्ठभूमि

नेपालको संबिधानले नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघियलोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनि धारा ४ मा परिभाषित गरेको छ । यसरी संघीयता लागु गरेको नेपालको संविधानको धारा ५६ ले राज्यको पुनर्संरचना गर्ने क्रममा नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तह बनाएको छ । सोहि बमोजिम संविधानको अनुसूची ४ मा नवलपरासी पश्चिम, रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, पूर्वी रुकुम, रोल्पा, प्युठान, दाङ, बाँके र बर्दिया गरी १२ जिल्ला समावेश गरि मिति २०७३ फाल्गुन ३ गते प्रदेश नं ५ को स्थापना भएको र मिति २०७७ असोज २० गते प्रदेशको नामकरण लुम्बिनी प्रदेश गरिएको हो । यस प्रदेशमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १०९ स्थानीय तहहरु रहेका छन्।

२०७८ सालको जनगणना अनुसार ५१,२२,०७८ जनसंख्या रहेको छ, जुन समग्र नेपालको १७.५६ प्रतिशत हुन आउछ । कुल क्षेत्रफल २२,२८८ वर्ग किलोमिटर सहित यो प्रदेशले देशको कुल क्षेत्रफलको १५.१ प्रतिशत ओगटेको छ। यो प्रदेश उत्तरदेखि दक्षिणमा १५० किलोमिटर र पूर्व पश्चिममा यसको अधिकतम चौडाइमा ३०० किमी फैलिएको छ।यस प्रदेशले विशेषता बोकेको र औसत तथ्यांक तथा सूचकांकहरुका अनुसार मिनी नेपाल बन्न पुगेको छ । भौगोलिक रुपमा तराई, पहाड, हिमाल रहेको यो प्रदेश सांस्कृतिक रुपले पनि निकै विविधितायुक्त छ। थारु, मगर, मधेशी, मुस्लिम र खस आर्य समुदायको सांस्कृतिक सम्मिश्रण र अन्तरघुलनबाट यो प्रदेश सप्तरंगी इन्द्रेणी जस्तै बन्न पुगेको छ ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## ख. परियोजनाको परिणाम र वार्षिक लक्ष्य

| परिणाम नं. | वार्षिक लक्ष्य |
|---|---|
| **परिणाम १: राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली मार्फत प्रमाणित नेपाली युवाहरुले नेपालमा तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगार प्राप्त गर्ने छन् ।** | |
| निर्गत १.१: व्यावसायिक योग्यता प्रणालीको उपयोगका सम्बन्धमा नेपाली युवाहरू जानकार हुनेछन् । | २५०० युवाहरुले विभिन्न प्रिन्ट तथा श्रब्य सामग्रीबाट व्यावसायिक योग्यता प्रणालीको उपयोगका बारेमा जानकारी प्राप्त गर्ने छन् । |
| निर्गत १.२: नेपाली युवाहरु NVQ १-५ तह सम्म प्रमाणित हुनेछन | १००० युवाहरु मध्ये (५०० अनौपचारिक क्षेत्रका कामदारहरु तत्कालिनNSTB तह र ५०० जनाले पूर्व सिकाई मान्यता बिधीबाट NVQF को NVQ तह १-५ सम्म प्रमाणित हुनेछन ।<br>२ स्थानीय सरकार तथा प्रदेश सरकारले पूर्व सिकाई मान्यता बिधीबाट सीप परीक्षणका लागी बजेट बिनियोजन गर्नेछन । |
| निर्गत १.३: रोजगारदाताहरू राष्ट्रिय व्यावसायिक योग्यताको प्रमाणपत्रको महत्व बारे जानकार हुनेछन् । | १५० रोजगारदाताहरू राष्ट्रिय व्यावसायिक योग्यताको प्रमाणपत्रको महत्व बारे जानकार हुनेछन् । |
| **परिणाम ३: प्रदेश सरकारले व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्नेछ ।** | |
| निर्गत ३.१: प्रमाणिकृत सीप परीक्षण केन्द्रबाट गुणस्तरीय सीप परीक्षण सेवा प्रवाह हुनेछ । | १००० युवाहरुले प्रमाणिकृत सीप परीक्षण केन्द्रबाट गुणस्तरीय सीप परीक्षण सेवा लिएका हुनेछन् । |
| निर्गत ३.२: व्यावसायिक योग्यता प्रणाली लागु गर्नका लागि शिक्षा बिषयक (वा सामाजिक विकास) मन्त्रालय तथा निजि क्षेत्रका सरोकारवालाहरूको क्षमता अभिवृद्धि हुनेछ । | शिक्षा बिषयक (वा सामाजिक विकास) मन्त्रालय तथा निजि क्षेत्र का २५ जना कर्मचारी तथा पदाधिकारीहरुको व्यावसायिक योग्यता प्रणालीलाई कार्यान्वयन गर्न क्षमता अभिवृद्धि हुनेछ । |
| निर्गत ३.३: पालिकाहरूले व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम समन्वय संयन्त्र गठन गर्नेछन् । | कम्तीमा ७ वटा पालिकाहरूले व्यावसायिक योग्यता कार्यान्वयनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम समन्वय संयन्त्र गठन गरेका हुनेछन् । |
| निर्गत ३.४ : प्रादेशिक निकायहरु अधिकार प्रदत्त भइ दक्षता मूल्याङ्कन प्रक्रिया सुधारिएको हुनेछ | १४ वटा प्रमाणिकृत सीप परिक्षण केन्द्र (JV सहित) प्रादेशिक निकायहरुबाट व्यवस्थित भएको हुनेछन |

## ग. लुम्बिनी प्रदेशमा परियोजनाको मुख्य कार्यक्रम, बार्षिक लक्ष्य र बजेट

| परिणाम न. | मुख्य कार्यक्रम | वार्षिक लक्ष्य | बजेट (रु.०००) |
|---|---|---|---|
| १ | **राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली मार्फत प्रमाणित नेपाली युवाहरुले नेपालमा तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगार प्राप्त गर्ने छन् ।** | | |
| १.१ | **व्यावसायिक योग्यता प्रणालीको प्रयोग र फाइदाका सम्बन्धमा नेपाली युवाहरू जानकार हुनेछन् ।** | | |
| १.१.१ | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी प्रचार सामग्री निर्माण, प्रकाशन, प्रशारण एवम् वितरण (२.७.६.६९) | RPL बिधिबाट सिप परिक्षण आव्हान सम्बन्धि सुचना प्रसारणका लागि एफ.एम. रेडियो बाट सुचना प्रसारण (१ पटक), अन्य प्रचार प्रसार सामग्री निर्माण प्रकाशन, खरिद, छपाई तथा बितरण (१ पटक) | २०० |
| १.१.२ | व्यावसायिक योग्यता प्रणालीसँग सम्बन्धित सूचना तथा प्रचार प्रसारका लागि औधोगिक मेला, रोजगार मेलाहरुमा स्टल राख्ने (२.७.६.७७) | मेला/ महोत्सवमा स्टल / सूचना डेस्क राखी कम्तिमा २,००० युवाहरुले प्रत्यक्ष वा विभिन्न प्रिन्ट सामग्री मार्फत प्रणालीको उपयोगका बारेमा जानकारी प्राप्त गर्नेछन । (४ पटक मेलाहरुमा स्टल सहितको सहभागिता) | १०० |
| १.२ | **नेपाली युवाहरु NVQ १-५ तह सम्म प्रमाणित हुनेछन** | | |
| १.२.१ | भौचर कार्यक्रम मार्फत पूर्व सिकाइ मान्यता विधि (RPL) बाट सीप परीक्षण (२.७.६.७२) | ३२५ जना (तह-१ को ७५, तह-२ को २५० जना) | २६०० |
| १.३ | **रोजगारदाताहरू राष्ट्रिय व्यावसायिक योग्यताको प्रमाणपत्रको महत्व बारे जानकार हुनेछन् ।** | | |
| १.३.१ | राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) सम्बन्धि अभिमुखीकरण (२.७.६.७४) | स्थानीय निकाय, प्राबिधिक शिक्षालय/बिद्यालय, तालिम प्रदायक संघ संस्था, निजि क्षेत्रलाई NVQF बारे प्रबोधिकरण गर्ने (२ पटक) | २०० |
| ३ | **प्रदेश सरकारले व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्नेछ ।** | | |
| ३.१ | **प्रमाणिकृत सीप परीक्षण केन्द्रबाट गुणस्तरीय सीप परीक्षण सेवा प्रवाह हुनेछ ।** | | |
| ३.१.१ | भौचर कार्यक्रम मार्फत पूर्व सिकाइ मान्यता विधि (RPL) बाट सीप परीक्षण (२.७.६.७२) नोट: यस निर्गत अन्तरगत, यो क्रियाकलाप RPL Graduates हरुको तथ्यांक प्रविष्टिकरण प्रयोजन को लागि मात्र | ३२५ जना (तह-१ को ७५, तह-२ को २५० जना) | |

| परिणाम न. | मुख्य कार्यक्रम | वार्षिक लक्ष्य | बजेट (रु.०००) |
|---|---|---|---|
| **३.२** | **व्यावसयिक योग्यता प्रणाली लागु गर्नका लागि शिक्षा बिषयक (वा सामाजिक विकास) मन्त्रालय तथा निजि क्षेत्रका सरोकारवालाहरूको क्षमता अभिवृद्धि हुनेछ ।** | | |
| ३.२.१ | विभिन्न क्षेत्रका सीप मूल्याङ्कनकर्ता तालिम सञ्चालन (२.७.६.७६) | RPL लाई आवश्यक पर्ने पेशा/बिषय/क्षेत्रका २० जना लाई सीप मूल्याङ्कनकर्ताहरूको तालिम (Assessors Training) सञ्चालन (१ पटक) | ९०० |
| ३.२.२ | राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीसग सम्बन्धित बैठक तथा गोष्ठी, समिक्षा बैठक, फिल्डमा अनुगमन/सुपरिवेक्षण पृष्ठपोषण, प्रतिबेदन तथा विविध कार्यका लागि आवश्यक खर्च (२.७.६.७१) | PICC को बर्षमा कम्तीमा ३ पटक र PPCU को महिनामा कम्तीमा १ वटा बैठक सहित आवश्यकता अनुसार गोष्ठी, अनुगमन तथा सुपरिवेक्षण | ३०० |
| ३.२.३ | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली परियोजना संचालनार्थ मन्त्रालयलाई आवश्यक उपकरण तथा भैपरी खर्च (२.७.६.७३) | PICC र PPCU का लागि आवश्यक कार्यालय सामग्री ब्यवस्थापन (१ पटक) | १०० |
| ३.२.६ | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि सरोकारवाला निकायका कर्मचारीहरूको क्षमता अभिवृद्धि (२.७.६.७५) | २० जना कर्मचारीहरुको राष्ट्रिय व्यवासायिक योग्यता प्रणाली सँग सम्बन्धित बिषयमा क्षमता अभिवृद्धि गर्ने (१ पटक) | २०० |
| **३.३** | **पालिकाहरूले व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम समन्वय संयन्त्र गठन गर्नेछन् ।** | | |
| ३.३.१ | स्थानीयस्तरमा TVET समन्वय समिति गठन गर्न स्थानीय तहका पदाधिकारी र सरोकारवालासँग अभिमुखीकरण (२.७.६.७०) | गत बर्ष अभिमुखीकरण गरीएक ११ वटा स्थनीय निकायमा TVET समन्वय समिति गठन तथा थप ७ वटा स्थनीय तहमा TVET समन्वय समिति गठनका लागि अभिमुखीकरण | ६०० |
| **३.४** | **प्रादेशिक निकायहरु अधिकार प्रदत्त भइ दक्षता मूल्याङ्कन प्रक्रिया सुधारिएको हुनेछ** | | |
| | यो परिणाम अन्तर्गत यो आ.बा. मा कुनै पनि क्रियाकलाप न रहेको | | |
| | | **जम्मा** | ५२०० |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## घ. कार्यक्रम कार्यान्वयन निर्देशिका (Project Implementation Manual)

सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश द्वारा नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (Nepal Vocational Qualifications System Project (NVQS-P), दोश्रो चरण अन्तर्गत राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि आ. व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम तपसिल बमोजिम कार्यान्वयन गरिने छन्।

यसका उद्देश्यहरु निम्न रहेका छन् :

क) आ. वा. २०८१/०८२ को बार्षिक कार्यक्रमहरु सहज र सरल तरिकाले सम्पादन गर्ने,

ख) कार्यक्रम कार्यान्वयनमा एकरुपता र गुणस्तरीयता कायम गर्ने,

ग) कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्ने ।

**परिणाम १: राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली मार्फत प्रमाणित नेपाली युवाहरुले नेपालमा तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगार प्राप्त गर्ने छन् ।**

**निर्गत १.१. व्यावसायिक योग्यता प्रणालीको उपयोगका सम्बन्धमा नेपाली युवाहरू जानकार हुनेछन् ।**

**क्रियाकलाप १.१.१ : राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी प्रचार सामग्री निर्माण, प्रकाशन, प्रशारण एवम् वितरण (२.७.६.६९)**

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २ | प्रकार | २०० | सबै |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको क्षेत्रमा नेपाल सरकारले CTEVT/NSTB मार्फत धैरै पहिले देखि काम गर्दै आएको र सम्बन्धित क्षेत्र तथा क्रियाकलापको जानकार भएता पनि नेपाल सरकारले TVET क्षेत्रको सुधारको लागि बि.सं. २०७७ मा स्वीकृत गरेको राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली बारेमा आम सर्वसाधारण लगायत मुख्य सरोकारवालाहरूलाई समेत यसको कार्य क्षेत्र, अधिकार, जिम्मेवारी, क्षेत्र सुधारका कार्यक्रम/क्रियाकलाप आदि कुराको जानकारीको कमी रहेकोले सो को जानकारी गराउन आवश्यक भएको देखिन्छ। |
| उद्देश्य | पूर्व सिकाई मान्यता बिधिबाट सीप परीक्षण आव्हान भय पश्चात सो को सुचना सम्प्रेषणको लागि प्रदेश स्तरमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली बारे प्रचार प्रसार सामग्री (T-shirt, Cap, Laptop Bag, Dairy, brochure/leaflet आदि) खरिद, छपाई तथा वितरण गरी राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको बारेमा सूचना प्रवाह गर्ने। |
| अपेक्षित उपलब्धि | व्यावसायिक योग्यता प्रणाली तथा सीप परीक्षणको सुचना बारे कम्तीमा २५०० युवा/युवतीहरू जानकार हुनेछन् । |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | ▪ आवश्यक भएका सुचना सामाग्रीहरु प्रदेशबाटै PPSU को सहयोगमा उत्पादन गर्ने<br>• छपाई सामग्रीका लागि बिषयबस्तु तयार गर्ने, तथा खरिद गरि सो सामग्रीमा छपाई गरि बितरण गर्ने<br>• नियमानुसार भुक्तानी गर्ने । |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई (**PPCU**) र प्रदेश परियोजना सहयोग इकाई (**PPSU**) |
| प्रगति सूचक | प्रचार भएको सामाग्री, रिपोर्ट, खरिद सामग्रीको बिल भरपाई |

**क्रियाकलाप १.१.२ : व्यावसायिक योग्यता प्रणालीसँग सम्बन्धित सूचना तथा प्रचार प्रसारका लागि औद्योगिक मेला, रोजगार मेलाहरुमा स्टल राख्ने (२.७.६.७७)**

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | ४ | पटक | १०० | पहिलो-दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | प्रदेश / जिल्ला स्तरीय औद्योगिक मेला प्रदेशमा क्रियाशील सम्पूर्ण उद्योगी, व्यापारी, रोजगारदाता, सरकारी, निजी क्षेत्र, बेरोजगार युवा युवती, विधार्थी, अभिभावक, जनप्रतिनिधि, पत्रकार, सर्वसाधारण जनता लगायत सम्पूर्ण सरोकारवालहरु एकै ठाउँमा जम्मा हुने र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम विषयक/क्षेत्र सम्बन्धि बहस, पैरवी, सूचना, प्रविधि, रोजगार बजार आदिको छलफल, प्रचारप्रसार गर्ने उत्तम थलो भएको हुनाले राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली र राष्ट्रिय सीप परीक्षण समिति (**NSTB**) का सम्बन्धमा सार्वजनिक र निजी क्षेत्रले आयोजना गरेको मेला (एक्सपो) मा मन्त्रालयको तर्फबाट पनि सहकार्य र समन्वय गरी प्रणाली सम्बन्धि जानकारी विभिन्न माध्यमबाट (स्टलमा श्रव्य दृष्य सामाग्री देखाउने र प्रकाशित सामाग्री वितरण गरी) प्रवाह गर्ने उतम माध्यम देखिन्छ। |
| उद्देश्य | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी जानकारी सम्पूर्ण सरोकारवालाहरु सम्म पुर्याउने। |
| अपेक्षित उपलब्धि | रोजगारदाता र अन्य सरोकारवालाहरू राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको प्रमाण पत्रको महत्व, **RPL** माध्यमबाट हुने सिप परिक्षणबारे जानकार हुनेछन् । |
| सञ्चालन प्रक्रिया | ▪ मेला आयोजकहरु खासगरी प्रदेश, स्थानीय सरकार, उद्योगी संघ संगठनहरुसँग रोजगार मेलाको लागि सहकार्य तथा समन्वयको खोजी गर्ने ।<br>▪ सहकार्य र समन्वय गर्न सकिने बिषय/क्षेत्रको पहिचान गर्ने र आवश्यक परे आपसी सम्झौता गर्ने ।<br>▪ मेलामा प्रदर्शनी गर्न, प्रचारप्रसार गर्नलाई आवश्यक सामाग्रीहरुको लागि केन्द्रिय परियोजना सहयोग इकाईसँग सहकार्य र समन्वय गर्ने। |

| | |
|---|---|
| | ▪ केन्द्रिय परियोजना सहयोग इकाईबाट उपलब्ध हुन नसकेका आवश्यक सामाग्रीहरु प्रदेश परियोजना समन्वय इकाईले व्यवस्था गर्ने।<br>▪ स्टलबाट अपेक्षित उपलब्धि हासिल गर्न निश्चित कर्मचारी वा व्यक्तिलाई जिम्मेवारी तोक्ने ।<br>▪ मन्त्रालय र विभिन्न पदाधिकारीहरूको सहभागिताको लागि पहल गर्ने।<br>▪ यो शीर्षकको बजेटबाट कर्मचारी/स्वयम्सेवक पारिश्रमिक, मसलन्द स्टल बापतको खर्च व्यवस्थापन गर्ने ।<br>• कार्यक्रमको समीक्षा गर्ने र प्रतिवेदन तयार गर्ने। |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | राखिएको स्टलको फोटो, प्रदर्शन गरिएका सामाग्रीहरू, स्टल भ्रमण रेकर्ड आदि |

**निर्गत १.२ नेपाली युवाहरु NVQ १-५ तह सम्म प्रमाणित हुनेछन**

**क्रियाकलाप १.२.१ : भौचर कार्यक्रम मार्फत पूर्वसिकाइ मान्यता बिधि (RPL) बाट सीप परीक्षण (२.७.६.७२)**

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | ३२५ | जना | २६०० | पहिलो-दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | नेपालको विध्यमान योग्यता प्रणालीले जीवन पर्यान्त अनौपचारिक रुपमा आर्जन गरेको ज्ञान, सीप, क्षमताको प्रमाणीकरण गर्ने र निर्धारित योग्यता प्रदान गरी त्यस्ता मानव संसाधनलाई देशको शिक्षाको मूल धारमा ल्याउने काम गरेको पाइदैन । हातमा राम्रो सीप हुदा हुदै पनि योग्यताको प्रमाणपत्र हातमा नहुदा बेरोजगार बस्नु पर्ने, अर्ध-बेरोजगार बस्नु पर्ने, श्रमको उच्च मुल्यांकन नहुने, सम्मानित व्यवहारको अभाव महसुस गर्ने जस्ता विभिन्न समस्याहरु नेपालको श्रम बजारमा देखिन्छ । देशमा व्याप्त यस्तो समस्या समाधान गरी श्रमको उच्च मुल्यांकन गर्न तथा ज्ञान, सीप र प्रवृत्तिको पहिचान गरी योग्यता प्रदान गर्ने र उनीहरुलाई शिक्षाको मूलधारमा समाहित गर्नु पर्ने आजको आवश्यकता हो । जीवन प्रयान्त आर्जन गरेको सीपको पहिचान, प्रमाणीकरण तथा योग्यता पुर्व सिकाई मान्यता विधिबाट प्रदान गरी विध्यमान समस्या समाधान गर्ने परिकल्पना राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) ले गरेको छ। सोहि बमोजिम **RPL** बिधि मार्फत सिप भएका युवा हरुको सीप परीक्षण गर्नको लागि यो कार्यक्रम अपरिहार्य देखिन्छ । |
| उद्देश्य | पुर्व सिकाई मान्यता विधिबाट सीप परिक्षण सम्बन्धि प्रक्रियागत कुराको जानकारी, विधि, यसका फाइदा आदिको जानकारी प्रदान गरि सिप भएका युवा हरुको **RPL** बिधि बाट सिप परिक्षण गर्न सहयोग पुर्याउने |
| अपेक्षित उपलब्धि | ३२५ भन्दा बढी (तह-१ को ५०, तह-२ को २७५ जना) युवा हरु **RPL** बिधिबाट सीप परीक्षणमा सहभागी हुनेछन |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • सामाजिक विकास मन्त्रालय, राष्ट्रिय सीप परीक्षण समिति तथा CTEVT प्रादेशिक कार्यालय, लुम्बिनी प्रदेश बीच त्रि-पक्षीय सम्झौता गर्ने<br>• सामाजिक विकास मन्त्रालय, तथा CTEVT प्रादेशिक कार्यालय, लुम्बिनी प्रदेश बीच द्वि-पक्षीय सम्झौता गर्ने<br>• RPL बाट सीप परीक्षण गरिने पेशा हरु छनौट गर्ने<br>• CTEVT/NSTB द्वारा RPL बिधिबाट सिप परिक्षण बिज्ञापन आव्हान<br>• सिप परिक्षण बिज्ञापन आव्हान सूचना प्रचारप्रसार गर्ने<br>• आवेदन संकलन गर्न सहयोग गर्ने<br>• तोकिएको सीप परिक्षण केन्द्र सँग समन्वय गर्ने<br>• NSTB को डाटाबेसमा आवेदन प्रबिस्ट गर्ने, रुजु गर्ने सहयोग गर्ने<br>• परामर्श गर्ने<br>• सीप परिक्षणको लागि CTEVT/NSTB सँग समन्वय गर्ने<br>• सीप परिक्षणको लागि सहयोग गर्ने |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | कार्य सम्पन्न प्रतिवेदन, हाजिरी रजिस्टर,फोटोहरु |

**निर्गत १.३: रोजगारदाताहरू राष्ट्रिय व्यावसायिक योग्यताको प्रमाणपत्रको महत्वबारे जानकार हुनेछन्**

**क्रियाकलाप १.३.१ : राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) सम्बन्धि अभिमुखीकरण (२.७.६.७४)**

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २ | पटक | २०० | दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप नेपाल सरकार द्वारा २०७७ बैशाख २० गते मन्त्रि परिषद द्वरा पारित भै सकेको हुदा सो को बारेमा स्थानीय निकाय, प्राबिधिक शिक्षालय/बिद्यालय, तालिम प्रदायक संघ संस्था, निजि क्षेत्रलाई NVQF बारे जानकारी गराउने उद्देश्यले  यस बारे बिस्तृत जानकारी का लागि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ । जसमा अब उप्रान्त NVQF कसरी लागु हुदैछ, यसको महत्व, क्रेडिट बैंकिंग तथा क्रेडिट ट्रान्सफर, पारगम्यता, समकक्षता तथा बिभिन्न तहको मानकहरु बारे जानकारी गराउन यो कार्यक्रम आवश्यक देखिन्छ । |
| उद्देश्य | NVQF बारे प्रबोधिकरण गरि सो को बारेमा धेरै भन्दा धेरैलाई जानकारी गराउने |
| अपेक्षित उपलब्धि | स्थानीय निकाय, प्राबिधिक शिक्षालय/बिद्यालय, तालिम प्रदायक संघ संस्था, निजि क्षेत्रक १०० जनाले  NVQF बारे जानकारी प्राप्त गर्नेछन |
| सञ्चालन प्रक्रिया | • सरकारी तथा विभिन्न निजी क्षेत्रका सरोकारवालाहरूको सूची तयार गर्ने ।<br>• कार्यशालाको मिति, समय र स्थान तय गर्ने |

| | |
|---|---|
| | • कार्यशालाका लागि आवश्यक प्रस्तुति, ब्यानर, सूचना सामग्री आदिको व्यवस्थापन गर्ने।<br>• सहभागीहरूलाई मन्त्रालय मार्फत आमन्त्रण गर्ने।<br>• कार्यशाला मार्फत सहजीकरण गर्ने ।<br>• समीक्षात्मक प्रतिवेदन तयार गर्ने ।<br>• नियमानुसार खर्च भुक्तानी गर्ने |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | माइनुट, हाजिरी, फोटो, प्रतिवेदन, सहभागीका भनाइहरू तथा निजि क्षेत्र संगको सहकार्य |

**परिणाम ३: प्रदेश सरकारले व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्नेछ ।**

**निर्गत ३.१ : प्रमाणिकृत सीप परीक्षण केन्द्रबाट गुणस्तरीय सीप परीक्षण सेवा प्रवाह हुनेछ ।**

यस निर्गत अन्तर्गत यस आ.बा.मा कुनै पनि क्रियाकलाप नभएको तर क्रियाकलाप २.७.६.७२ ( भौचर कार्यक्रम मार्फत पूर्व सिकाइ मान्यता विधि (RPL) बाट सीप परीक्षण) मिल्दो जुल्दो रहेको छ । पूर्व सिकाइ मान्यता विधि (RPL) बाट कति वटा सीप परीक्षण केन्द्रहरुले गुणस्तरीय सेवा प्रवाह गरेको तथ्यांक यस निर्गत अन्तर्गत राख्न सकिने ।

**निर्गत ३.२: व्यावसयिक योग्यता प्रणाली लागु गर्नका लागि शिक्षा बिषयक (वा सामाजिक विकास) मन्त्रालय तथा निजि क्षेत्रका सरोकारवालाहरूको क्षमता अभिवृद्धि हुनेछ । ।**

**क्रियाकलाप ३.२.१ : विभिन्न क्षेत्रका सीप मूल्याङ्कनकर्ताहरूको तालिम सञ्चालन (२.७.६.७६)**

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | १ | पटक | ९०० | पहिलो |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीले परिकल्पना गरे अनुसार गुणस्तरीय सीप परीक्षण, मुल्यांकन गर्न र सम्बन्धित सेवा ग्राहीको सीप मापन गरी उपयुक्त योग्यताको प्रमाणपत्र प्रदान गर्ने कार्यमा मूल्यांकनकर्ताहरुको ठुलो भूमिका रहने गर्दछ । CTEVT/NSTB बाट नियमितरुपमा संचालनमा रहेका सीप परीक्षणका लागि मूल्याङ्कनकर्ताहरुको अभाव देखिने गर्दछ जसले गर्दा समयमा सीप परिक्षण न हुने र सीप परीक्षणको गुणस्तर खस्किएको गुनासो आउने गरेको पाइन्छ । यसका साथै राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीले परिकल्पना गरे अनुसारको सीप परीक्षण गर्न र योग्यता प्रदान गर्न सक्षम तथा दक्ष मूल्याङ्कनकर्ता उत्पादन गर्नु पर्ने आवश्यकता देखिएको छ । |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| | |
|---|---|
| उद्देश्य | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली अनुसार सीप परीक्षण सेवा प्रदान गर्ने मुल्याङ्कनकर्ताहरुको क्षमता विकास गर्ने |
| अपेक्षित उपलब्धि | २० जना मुल्याङ्कनकर्ताहरु राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली अनुसारको सीप परीक्षण गर्न सक्षम हुनेछन् र सेवा प्रवाह गर्नेछन्। |
| सञ्चालन प्रक्रिया | ▪ CTEVT/NSTB सँग सहकार्य गरि RPL संग सम्बन्धित बिषय/पेशा अन्तर्गतका सहभागी छनौट गर्ने<br>▪ तालीमको लागि TITI संग समन्वय तथा सम्झौता गर्ने<br>▪ TITI ले तोके बमोजिम मिति, स्थान र समय टुंगो लगाउने<br>▪ छनौटमा परेका आवेदकहरुलाई जानकारी दिने गर्ने<br>▪ तालिम संचालन गर्ने र तालिम को प्रतिवेदन TITI बाट प्राप्त गर्ने<br>▪ नियमानुसार खर्च भुक्तानी गर्ने<br>▪ TITI बाट लेखा परिक्षणको प्रतिबेदन समेत प्राप्त गर्ने |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई तथा प्राबिधिक प्रशिक्षण प्रतिस्ठान (TITI) |
| प्रगति सूचक | कार्य सम्पन्न प्रतिवेदन, हाजिरी रजिस्टर,फोटोहरु, NSTB द्वारा प्रदान गरिने सीप मुल्यांकनकर्ताहरुको नामावली तथा परिचय-पत्र |

**क्रियाकलाप ३.२.२ : राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीसग सम्बन्धित बैठक तथा गोष्ठी, समिक्षा बैठक, फिल्डमा अनुगमन सुपरिवेक्षण पृष्ठपोषण, प्रतिबेदन तथा विविध कार्यका लागि आवश्यक खर्च (२.७.६.७१)**

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | १५ | वटा | ३०० | सबै |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, नेपालको सन्दर्भमा पनि एक नयाँ सुरुवात हो । यसले राष्ट्रिय प्रणाली मै रुपान्तरण, परिवर्तन, सुद्धिकरण, अधिकार प्रत्यायोजन आदि धेरै कुरामा सुधार गर्न खोजेको छ । नेपालको व्यावसायिक शिक्षा प्रणालीमा आमुल परिवर्तन र सुधारको परिकल्पना गरी नेपालको संबिधान २०७२ ले प्रत्याभूत गरे अनुसार प्रदेश सामाजिक विकास मन्त्रालयले प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालीम सम्बन्धि सम्पूर्ण जिम्मेवारी बहन गर्ने क्रममा रहेको सन्दर्भमा यससँग सम्बन्धित हरेक क्रियाकलाप गर्दा यसबारेमा गहन छलफल हुन र बैठक, गोष्ठी, अनुगमन तथा सुपरिबेक्षण व्यापक गर्नु पर्ने आवश्यकता रहेको छ । राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली/परियोजना अन्तर्गत संचालनमा रहेका हरेक क्रियाकलापको अनुगमन, सुपरिबेक्षण गरि आवश्यक दिशानिर्देश दिन र कार्यान्वयनमा देखिएका समस्या समाधान गर्नको लागि पनि मन्त्रालय अन्तर्गतको समिति तथा इकाईको निरन्तर बैठक बस्न र व्यापक छलफल हुन जरुरी छ । |

| | |
|---|---|
| उद्देश्य | प्रणाली/परियोजनाको वार्षिक क्रियाकलापहरुको योजना/स्वीकृति, कार्यान्वयन, अनुगमन, सुपरिवेक्षण, प्रगति प्रतिवेदन आदिमा व्यापक छलफल तथा कार्यान्वयनमा देखिएका समस्या समाधान र दिशानिर्देश गर्ने |
| अपेक्षित उपलब्धि | PPCU को बैठक कम्तिमा पनि १२ वटा र PICC को बैठक कम्तिमा ३ वटा बसेको हुनेछ जसले गर्दा प्रणालीको कार्यान्वयन प्रभावकारी हुनेछ । |
| सञ्चालन प्रक्रिया | • प्रणाली/परियोजना कार्यान्वयन कार्यविधि अनुसार प्रदेश परियोजना कार्यान्वयन तथा समन्वय समिति र प्रदेश परियोजना समन्वय इकाईको नियमित रुपमा बस्नु पर्ने बैठक सोहि अनुसार बस्ने<br>• समिति तथा इकाईको अन्य बैठक आवश्यकता अनुसार बस्न सकिने ।<br>• समिति तथा इकाईले आवश्यकता अनुसार प्रणाली/परियोजनाको कार्यान्वयनको अनुगमन तथा सुपवेक्षण गर्ने ।<br>• समिति तथा इकाईले आवश्यकता अन्य सरोकारवालाहरुसँगको बैठक आयोजना गर्न सक्ने ।<br>• बैठक, गोष्ठी, अनुगमन, सुपरिवेक्षण आदिको प्रतिवेदन अनिवार्य रुपमा प्रदेश परियोजना समन्वय इकाई संयोजकलाई बुझाउनु पर्ने ।<br>• अनुगमनका लागि दैनिक भ्रमण भत्ता तथा सवारी साधन वापतको खर्च रकम नियमानुसार शिर्षकबाट भुक्तानी गर्ने |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | बैठकका उपस्थिति, निर्णय, अनुगमन/भ्रमण प्रतिवेदन,फोटो आदि |

**क्रियाकलाप ३.२.३ : राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली परियोजना संचालनार्थ मन्त्रालयलाई आवश्यक उपकरण तथा भैपरी खर्च (२.७.६.७३)**

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | १ | पटक | १०० | पहिलो-दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली/परियोजना प्रदेश स्तरमा कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी यस लुम्बिनी प्रदेशमा सामाजिक विकास मन्त्रालयको रहेको छ । प्रणाली / परियोजना कार्यन्वयनको क्रममा मन्त्रालयलाई विभिन्न सामाग्रीहरु जस्तै प्रिन्टर, प्रिन्टिंग कागज, टोनर, ल्यापटप आदि मर्मत तथा खरिद लगायत यातायातका साधनको इन्धन लगायत आवश्यकता अनुसार अन्य सामग्री समेत खरिद गर्न पर्ने हुन्छ ।यसको लागि परियोजनाबाट आवश्यक सामग्री व्यवस्थापन गर्न पर्ने आवश्यक देखिन्छ । |
| उद्देश्य | प्रदेश परियोजना समन्वय इकाई (PPCU) र परियोजना कार्यान्वयन तथा समन्वय समिति (PICC) लाई प्रणाली/परियोजना कार्यान्वयन आवश्यक सामाग्रीहरुलागि खरिद तथा मर्मत-सम्भार का लागि चाहिने खर्च |
| अपेक्षित उपलब्धि | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली/परियोजना कार्यान्वयनमा सहजता |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • प्रदेश परियोजना समन्वय इकाई (PPCU) ले आवश्यक सामाग्रीहरुको लिस्ट तयार गर्ने<br>• मन्त्रालयको नियमानुसार सामग्री गरीद गर्ने<br>• सामग्रीहरुमा NVQS/MOSD को लेवल लगाउने<br>• मन्त्रालयको नियमानुसार रेकर्ड किताबमा सामग्रीको बिस्तृत प्रबिस्ट गर्ने |
| मुख्य जिम्मेवारी | PPCU र मन्त्रालयको खरिद समिति |
| प्रगति सूचक | मन्त्रालयको सामाग्री खरिद तथा रेकर्ड |

**क्रियाकलाप ३.२.६ : राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि सरोकारवाला निकायका कर्मचारीहरूको क्षमता अभिवृद्धि (२.७.६.७५)**

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | १ | पटक | २०० | तेश्रो |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | नेपालको संबिधान २०७२ अनुसार देश संघिय संरचना अनुसार संचालन भै रहदा प्रदेश स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालीम क्षेत्रको जिम्मेवारी सामाजिक विकास मन्त्रालयको क्षेत्राधिकार भित्र रहेको छ । शिक्षा क्षेत्रमा लामो समय सम्म कार्य अनुभव भएका पदाधिकारी/कर्मचारीहरु मन्त्रालयमा कार्यरत रहेता पनि प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालीम सम्बन्धि जानकारी आझा व्यापक बनाउनु पर्ने आवश्यकता देखिन्छ ।यसका साथै व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनमा अहम भूमिका रहेका अन्य सरोकारवालाहरुको लागि पनि राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली नौलो बिषय बस्तु रहेको पाइन्छ । तसर्थ प्रणाली कार्यान्वयन, गुणस्तर सुनिस्चितता, अनुगमन तथा सुपरिबेक्षणमा मन्त्रालयका पदाधिकारी/कर्मचारी तथा सरोकारवालाहरुको ठुलो भूमिका रहेको हुदा सो सम्बन्धि क्षमता अभिबृद्धिको खाँचो देखिन्छ। |
| उद्देश्य | सामाजिक विकास मन्त्रालयका पदाधिकारी / कर्मचारीहरू, र अन्य सरोकारवालाहरूका लागि गुणस्तर सुनिस्चितता,अनुगमन,सुपरिवेक्षण, NVQS को अभिमुखीकरण, सीप परीक्षण प्रक्रिया र समग्र TVET कार्यक्रमका विषयमा क्षमता अभिवृद्धि गर्ने । |
| अपेक्षित उपलब्धि | सामाजिक विकास मन्त्रालयका कर्मचारी, र अन्य सरोकारवालाहरुले प्रणाली तथा समग्र TVET कार्यान्वयनको अनुगमन, सुपरिवेक्षण र मुल्यांकन गर्न सक्षम हुनेछन् |
| सञ्चालन प्रक्रिया | • मन्त्रालयका पदाधिकारी/कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नु पर्ने बिषयवस्तु छनौट गर्ने<br>• बिषयवस्तु अनुसारको तालीम प्याकेज तयार गर्ने ।<br>• तालिमका सहभागीहरुको नाम लिस्ट तयार गर्ने<br>• मन्त्रालयको प्रकृया अनुसार तालीम स्थल, बजेट, तालिमका अन्य सामाग्रीहरुको व्यबस्थापन गर्ने |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| | |
|---|---|
| | • सहभागी तथा विज्ञहरुलाई आमन्त्रण गर्ने<br>• तालिमका संचालन गर्ने र प्रतिवेदन तयार गर्ने |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | तालिम सम्पन्न प्रतिवेदन, हाजिरी रेकर्ड, फोटो आदि |

**निर्गत ३.३: पालिकाहरूले व्यावसायिक योग्यता कार्यान्वयनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम समन्वय संयन्त्र गठन गर्नेछन् ।**

**क्रियाकलाप ३.३.१. स्थानीयस्तरमा TVET समन्वय समिति गठन गर्न स्थानीय तहका पदाधिकारी र सरोकारवालासँग अभिमुखीकरण (२.७.६.७०)**

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | १० | वटा | ६०० | पहिलो र दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली/परियोजना कार्यान्वयनमा तिनै तहका सरकारहरुको आ-आफ्नै बिशेष भूमिका रहेको पाइन्छ । गाउँपालिका तथा नगरपालिकाहरुको खास गरी प्रणाली सम्बन्धि सूचना स्थानीय तह सम्म पुर्योउने, स्थानीय तहहरुमा यसको कार्यान्वयनमा सहयोग गर्ने, TVET क्रियाकलापहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, तालीम तथा सीप परीक्षणको अनुगमन तथा सुपरिवेक्षण गर्ने, अन्तर पालिका, मन्त्रालयबीच समन्वय गर्ने आदि रहेको अवस्थामा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली/परियोजना कार्यान्वयन तथा सुदृढीकरणमा गाउँपालिका, नगरपालिकाहरुका पदाधिकारी, सामाजिक शाखा वा शिक्षा क्षेत्रका जनशक्ति तथा रोजगार संयोजकहरूलाई अभिमुखीकरण गर्न तथा स्थानीय निकायहरुलाई समेटेर TVET समन्वय समिति गठन गर्न जरुरी देखिन्छ । |
| उद्देश्य | राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीका लागि गाउँपालिका नगरपालिका समन्वय समिति गठन, सहजीकरण, भिमुखीकरण गोष्ठी मार्फत स्थानीय तहका सरोकारवालाहरुलाई NVQS र NVQS-P का सम्बन्धमा जानकारी गराउने । |
| अपेक्षित उपलब्धि | स्थानीय तहका सरोकारवालाहरुले NVQS र NVQS-P का सम्बन्धमा जानकारी प्राप्त गर्ने छन् र कार्यान्वयनमा सहजीकरण गर्नेछन् । |
| सन्चालन प्रक्रिया | • पालिकाहरुको भौगोलिक अवस्थिति, आवत जावतको सुबिधा आदिको आधारमा १ वटा वा २-४ वटा स्थानीय सरकारहरुको छुट्टा छुट्टै क्लस्टर तयार गर्ने ।<br>• ती क्लस्टरहरुमा आवद्ध स्थानीय सरकारहरुसँग नियमित समन्वय गर्ने र गोष्ठीको लागि समय, मिति, स्थान तय गर्ने<br>• बैठक/गोष्ठीको एजेन्डा सहित सहभागिताको लागि आमन्त्रण गर्ने<br>• आवश्यक सामग्री तथा प्रस्तुतिकरणका बिषय तय गर्ने<br>• बैठक/गोष्ठी संचालन गर्ने<br>• संजाल गठन सहितको प्रतिवेदन तयार गर्ने |

| | |
|---|---|
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | कार्य सम्पन्न प्रतिवेदन, उपस्थिति, फोटो, TVET समन्वय समिति गठन बिवरण |